आज मिति २०८० साल जेठ २८ गतेका दिन यस गेरुवा गाउँपालिकाको अध्यक्ष श्री जमान सिंह के.सी. ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको ६८ औं बैठक बसी तपसिलको उपस्थितिमा तपसिलका निर्णयहरु - पारित गरियो ।

उपस्थिति:

| | | |
|---|---|---|
| श्री | जमान सिंह के.सी. | अध्यक्ष |
| " | हिमा कुमारी बढुनी | सदस्य |
| " | दयाराम वैद थारु | " |
| " | आलोक कुमार थारु | " |
| " | पुनाराम थारु | " |
| " | बल बहादुर चलाउने | " |
| " | धर्म प्रकाश थारु | " |
| " | अमित कुमार खड्का | कि.वा. वडा अध्यक्ष सदस्य |
| " | चन्द्ररुपा कामी | सदस्य |
| " | शान्ति चौधरी | " |
| " | राजु बहुवाल खत्री | " |
| " | मोतिला शर्मा पौडेल | " |
| " | बम बहादुर वि.के. | " |
| " | काशी प्रसाद पंगेनी | सचिव |

अन्य उपस्थिति

| | | |
|---|---|---|
| श्री | नारायण प्रसाद भण्डारी | ले.पा. शाखा प्रमुख |
| " | पुष्प बहादुर खिज | सि. अ.हे.व. अधिकृत |
| " | कुन नारायण चौधरी | ना.सु. |

Scanned with CamScanner

निर्णय नं. १ कोरोना भाइरसको रोकथाम तथा नियन्त्रण गर्ने क्रममा यस गाउँपालिका अन्तर्गतको क्वारेन्टाइनहरुको व्यवस्थापन तथा अन्य प्रकोप व्यवस्थापनको लागि यस खर्च विनियोजित रकमले मात्र अपुग हुने भएकोले हुँदा यस गाउँपालिकाले स्थापना गरेको प्रकोप व्यवस्थापन कोषमा तपशिल बमोजिमको शिर्षक बाट रकमान्तर गरी रु. ९० लाख थप गर्ने निर्णय गरियो ।

तपशिल

| सि.नं. | खर्च शिर्षक | कुल बजेट | रकमान्तर |
|---|---|---|---|
| १ | पारिश्रमिक (कर्मचारी) | रु १,८३,२०,०००।- | रु ४०,००,०००।- |
| २. | रिङरोड पिपल चौतारा देखि बिन्दा जाने सडक कालोपत्रे गर्ने | रु ४६,००,०००।- | रु. १०,००,०००।- |
| ३. | साल्ली भट्टु पुल देखि बिहानी बजार हुँदै वडा कार्यालय सम्म सडक कालोपत्रे | रु. ८०,००,०००।- | रु. ४०,००,०००।- |
| | | | रु. ९०,००,०००।- |

निर्णय नं. २ यस गाउँपालिका अन्तर्गतका क्वारेन्टाइनहरुमा बसेका व्यक्तिहरुलाई खाना तथा खाजा खुवाउने सम्बन्धमा सबै क्वारेन्टाइनहरुमा एकरुपता कायम हुने गरी प्रतिदिन दुई छाक खाना र बिहान दिउँसो खाजा समेतको प्रतिव्यक्ति रु ३५०।- कायम गर्ने निर्णय गरियो।

निर्णय नं. ३ यस गाउँपालिकामा आ.व. ०७६।०७७ मा प्राप्त गर्नुपर्ने राजस्व बाँडफाँड तर्फको आय अनुमानमा करिब ४ करोड कमी हुने देखिएकोले उपभोक्ता समिति तथा ठेकेदार संग सम्झौता भई दायित्व ~~सिर्जना~~ सिर्जना भएको हुँदा रकम नपुग हुने देखिएकोले समानीकरण अनुदान तथा आन्तरिक स्रोत तर्फको रकम राजस्व बाँडफाँड तर्फ विनियोजित शिर्षकमा स्रोत तपशिल बमोजिम स्रोतान्तर गर्ने निर्णय गरियो।